# सम्मरीमाई गाउँपालिकाको गाउँपालिका क्षेत्र भित्रका नदीजन्य पदार्थको व्यवस्थापन तथा उपयोग सम्बन्धी कार्यविधि, २०७६

प्रमाणीकरण मिति

२०७६।०४।१०

सम्वत् २०७६ सालको कार्यविधि नं. २७

**प्रस्तावना :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) (प) (७) बमोजिम सम्मरीमाई गाउँपालिका क्षेत्र भित्रका नदीजन्य पदार्थ लगायत प्राकृतिक स्रोत साधनको संरक्षण गर्नु यस गाउँपालिकाको जिम्मेवारी हो । उत्खनन, संकलन र निकासी तथा बिक्रि वितरण गर्ने र निकासी कर लगाउने कार्यको प्रारम्भिक वातावरणीय प्रतिवेदन स्वीकृत भैसके पछी उक्त प्रतिवेदनले निर्धारित गरेका शर्त बमोजिम नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) को व्यवस्थापन गर्नुपर्ने हुन्छ । नदीजन्य पदार्थको उत्खनन तथा संकलन गर्ने काम सोको प्रशोधन तथा बिक्री वितरण गर्ने कामलाइ पृथक गरी उत्खनन तथा संकलन गरेको रोडा, ढुङ्गा, गिट्टी, बालुवा घोटगट्टी गरी इजाजत दिदा तोकिएको शर्त र परिमाण

बमोजिम संकलन भए नभएको एकिन गराए पश्चात मात्र प्रशोधनकर्ता, संस्था वा व्यक्तिले खरिद गर्ने सम्वन्धी कार्यको व्यवस्था गर्न आवश्यक रहेकोले सम्मरीमाई गाउँपालिकाको कार्यपालिकाबाट यो कार्यविधि पारित गरी लागू गरिएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम : "सम्मरीमाई गाउँपालिकाको गाउँपालिका क्षेत्र भित्रका नदीजन्य पदार्थको व्यवस्थापन तथा उपयोग सम्बन्धी कार्यविधि, २०७६" रहनेछ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट लागू हुनेछ।

**२. परिभाषा :** (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

२.१. "कार्यविधि" भन्नाले सम्मरीमाई गाउँपालिका क्षेत्र भित्रका नदीजन्य पदार्थको व्यवस्थापन तथा उपयोग सम्बन्धी कार्यविधि, २०७६ लाई जनाउने छ।

२.२. "मन्त्रालय" भन्नाले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई जनाउनेछ । साथै यसले प्रदेश तहको यस विषयसँग सम्वन्धित मन्त्रालयलाई समेत जनाउनेछ।

२.३. "अनुगमन समिति" भन्नाले रुपन्देही जिल्लाका जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्वमा रहेको जिल्ला अनुगमन तथा समन्वय समितिलाई जनाउने छ।

२.४. "समिति" भन्नाले गाउँपालिकाका अध्यक्षको अध्यक्षतामा रहेको अनुसूची-५ बमोजिमको समितिलाई जनाउने छ।

२.५. "जि.स.स." भन्नाले जिल्ला समन्वय समिति, रुपन्देही लाई जनाउने छ।

२.६. "गाउँपालिका" भन्नाले सम्मरीमाई गाउँपालिका, रुपन्देहीलाई जनाउने छ।

२.७. "नदीजन्य पदार्थ" भन्नाले उत्खनन गर्न अनुमति भएको नदी बगर क्षेत्रबाट उत्खनन गर्दा निस्कने रोडा, ढुङ्गा, गिट्टी, बालुवा, मिस्कट, पाँगो, भष्कट र माटो समेतलाई जनाउने छ ।

२.८. "IEE" भन्नाले नदीजन्य पदार्थ उत्खनन तथा ओसार पसार गर्ने प्रयोजनको लागि मन्त्रालय द्वारा स्वीकृत प्रारम्भीक वातावरणीय परिक्षण ( Initial Environmental Examination-IEE) प्रतिवेदनलाई जनाउने छ ।

२.९. "घाटगद्दी" भन्नाले तोकिएको नदी वा खोलाबाट नदीजन्य पदार्थ उत्खनन गरेरल्याई राख्ने स्थल वा यस कार्यविधीको दफा ६.१ र ६.२ मा उल्लेख गरिएको उत्खनन स्थल समेतलाई जनाउने छ ।

२.१०. "गाउँपालिका स्तरीय अनुगमन कार्यदल" भन्नाले समितिले तोके बमोजिम समय समयमा खटिने अनुगमन कार्यदल बुझ्नु पर्नेछ ।

## परिच्छेद-२
## कार्यविधिको आवश्यकता, उद्देश्य र क्षेत्र

**३. कार्यविधिको आवश्यकता:** सम्मरीमाई गाउँपालिकामा आर्थिक तथा वातावरणीय दृष्टिकोण नदीजन्य पदार्थ निकाल्न निषेध गरेको क्षेत्र, वन क्षेत्र रहेको छ । नदीजन्य पदार्थ चोरी निकासी हुनसक्ने प्रवल सम्भावना रहेकोले सो क्षेत्रको संरक्षण गरी अवैद्य उत्खनन् संकलन नियन्त्रण गर्न आवश्यक रहेको छ ।

गाउँपालिकामा ठूला विकास आयोजनाहरु, नियमित सार्वजनिक विकास निर्माण कार्य र निजी निर्माण कार्य समेत तिब्र गतिमा अगाडी बढेको छ । यस अवस्थामा एकातर्फ निषेधित क्षेत्रको संरक्षण गर्नु परेको र अर्को तर्फ बजारमा नदीजन्य पदार्थको अभाव हुन नदिई सहज आपूर्ति गर्न र नदीजन्य पदार्थको उत्खनन, वितरण तथा ओसार पसार गर्दा वातावरण मैत्री व्यवहार अपनाउन आवश्यक भएकोले सम्मरीमाई गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णय कार्यान्वयन गर्न आवश्यक भएको छ ।

**४. कार्यविधिको उद्देश्य** : यो कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ,

४.१. नदी क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन/संकलन तथा ओसार पसार गर्दा प्रारम्भीक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनका शर्तहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

४.२. नदीक्षेत्र र ओसारपसार गरिने मार्ग वरीपरिको वातावरण संरक्षण गर्ने ।

४.३. नदीजन्य पदार्थको अवैद्य रुपमा अधिक दोहन हुनबाट रोकी दिगो उपयोग गर्दै सहज आपूर्ति प्रबन्ध मिलाउने ।

४.४. नदीजन्य पदार्थ संरक्षण तथा व्यवस्थापन गर्ने सन्दर्भमा भएका निर्णयहरुलाई स्थानीयता विशेषका (Localize) आधारमा कार्यान्वयन गर्न सहज तुल्याउने ।

४.५.आम नागरिकलाई सुपथ मूल्यमा नदीजन्य पदार्थ उपलब्ध हुनसक्ने वातावरण सृजना गर्ने ।

४.६. सार्वजनिक विकास निर्माणका लागि आवश्यक पर्ने नदीजन्य पदार्थको अभाव हुन नदिने ।

**५. कार्यविधिको क्षेत्र** : यो कार्यविधी सम्मरीमाई गाउँपालिका क्षेत्रका निम्न क्षेत्र भित्र मात्र लागू हुनेछ ।

५.१. गाउँपालिका क्षेत्र भित्रका विभिन्न नदी तथा खोलाहरुबाट नदीजन्य पदार्थ उत्खनन/संकलन र बिक्री वितरण गर्न IEE प्रतिवेदनले स्वीकृत गरेका क्षेत्रहरु ।

५.२. गाउँपालिका क्षेत्र भित्र रहेका अन्य नदी, खोला तथा खहरेहरुबाट नदीजन्य पदार्थ उत्खनन/संकलन बिक्री वितरण गर्न स्वीकृत IEE प्रतिवेदनले उल्लेख गरेका क्षेत्रहरु ।

५.३. गाउँपालिका वन क्षेत्र भित्र रहेका नदी प्रणालीहरुबाट डिभिजन वन कार्यालयको समन्वयमा नदीजन्य पदार्थ उत्खनन र बिक्री वितरण गर्न सम्बन्धित निकायद्वारा स्वीकृत IEE प्रतिवेदनले स्वीकृत गरेको क्षेत्र ।

५.४.गाउँपालिका भित्र रहेका नदीहरूमा नदीजन्य पदार्थ थुप्रन गई सो को कारणले प्रकोप जोखिम हुन सक्ने भएमा त्यस्ता पदार्थ हंटाउन आवश्यक स्थलहरू ।

५.५. गाउँपालिका क्षेत्र भित्र रहेका विभिन्न निजी जग्गा धनीले आफ्नो जग्गाबाट नदीजन्य पदार्थ उत्खनन् गरी हटाउन माग गरेको अवस्थामा सो माग गरेको क्षेत्र र परिमाण भित्र ।

५.६. गाउँपालिका क्षेत्र भित्र रहेका विभिन्न सरकारी तथा सार्वजनिक जग्गा उत्खनन गरी नदीजन्य पदार्थ निकाल्न सम्बन्धित निकायबाट निर्णय भै अनुमति भएमा सो उत्खनन गरिने क्षेत्र र परिमाण भित्र ।

५.७. गाउँपालिका क्षेत्र भित्रका कृषकले निजी जग्गालाई खेतीयोग्य बनाउदा, माछापोखरी निर्माण गर्दा तथा कुनै पनि कृषिजन्य व्यवसायिक फर्म सञ्चालन गर्दा निस्कने नदीजन्य पदार्थ उत्खनन् गरी उक्त स्थलबाट हटाई अन्यत्र ओसार पसार गरिने क्षेत्र र परिमाण भित्र ।

## परिच्छेद-३
## उत्खनन् तथा रोयल्टी उठाउने विधि

६. **उत्खनन विधि** : यस कार्यविधि बमोजिम उत्खनन् गर्दा उत्खनन् कर्ताले (ठेक्का भएका बखत ठेकेदार र ठेक्का नलागेका बखत तोकिएको निकाय वा उपभोक्ता स्वयं) देहायको शर्त तथा मापदण्ड पालना गर्नुपर्ने छ ।

६.१. नदीजन्य पदार्थ उत्खनन् गरिने क्षेत्रको परिमाण एकिन् गर्दा सम्बन्धित गाउँपालिकाका प्रतिनिधी, जनप्रतिनिधि र स्थानीय बासिन्दा समेतको रोहवरमा तयार गरिएको IEE प्रतिवेदनका आधारमा घाटको चौकिल्ला निर्धारण गरी निकालिने परिमाण र उत्खनन गरिने लम्बाई, चौडाई र गहिराई समेत जानकारी गराई सिमाङ्कन गर्नु पर्ने ।

६.२. उत्खनन पश्चात समेत के कति परिमाण निकालेको रहेछ भनि नापजाँच गर्न मिल्ने गरी निशाना लगाई निर्धारित परिमाण भन्दा बढी उत्खनन गर्न नपाउने साँध, किल्ला र निसानाका आधारमा परिमाण एकिन गरेपछी मात्र सो घाटबाट उत्खनन कार्यको थालनी गर्ने । यसरी गरिएको सीमा भित्रबाट मात्र उत्खननकर्ताले नदीजन्य पदार्थ उत्खनन गरी लैजान सक्ने ।

६.३. गाउँपालिकाले यस कार्यविधी बमोजिम नदीजन्य पदार्थको उत्खनन/संकलन तथा ओसार पसार गर्न अनुमति दिदा कुनै एक स्थललाई मात्र घाटगद्दी निर्धारण गर्न सक्ने ।

६.४. नदीजन्य पदार्थ उत्खनन गर्दा गाउँपालिकाबाट खटिएका कर्मचारीको प्रत्यक्ष

निर्देशनमा रेखाङ्कन गरिएको घाट क्षेत्र भित्रको सिमाबाट मात्र हाते औजार र श्रममूलक प्रविधिको मात्र प्रयोग गरी निकाल्ने भारी यान्त्रीक उपकरण प्रयोगलाई निरुत्साहित गर्ने ।

६.५. उत्खनन गर्दा भारी यान्त्रीक उपकरणको प्रयोग सम्बन्धमा IEE प्रतिवेदनमा उल्लेख भएको हकमा सोही बमोजिम र अन्यको हकमा गाउँपालिकाको निर्णय बमोजिम गर्ने ।

६.६. नदीजन्य पदार्थ उत्खननको कार्य गर्दा विहान ५:०० बजे देखि प्रारम्भ गरी साँझ ६:०० बजे सम्म मात्र गर्ने । अन्य समयमा उत्खनन गर्न नपाउने गरी नियमित अनुगमन गर्ने ।

६.७. उत्खनन स्थलसम्म जाने र फर्कने मार्गको निर्धारण गाउँपालिकाको सहमतिका आधारमा गर्ने । उत्खननका लागि कुनै यान्त्रिक उपकरण प्रवेश गर्ने भएमा यस कार्यविधीको अनुसूची-१ बमोजिमको ढाँचामा प्रवेश आदेश लिएर मात्र उत्खनन गर्न नदीमा प्रवेश गर्न दिने । उत्खनन परिमाण खुलेको नदी तथा खोला क्षेत्रमा प्रवेश आदेशको पटके प्रति अनुसारको दैनिक तेरिज तयार गरी अभिलेख राख्ने । यो अभिलेखको निरन्तर अनुगमन गर्ने ।

६.८. परिमाण नियन्त्रणका लागि दैनिक पटके उत्खनन अभिलेख खाता अनुसूची-२ बमोजिमको ढाँचामा उत्खनन स्थलमा राख्ने ।

६.९. उत्खनन गरिसके पछि छनौट गरि छाडीएको काम नलाग्ने बस्तु जुन स्थलबाट निकालिएको हो सोही स्थलमा लगि छाड्नु पर्नेछ । उत्खनन गर्दा तोकिएको गहिराई सम्म मात्र तह मिलाई खाडल नदेखिने गरी उत्खनन गर्नु पर्नेछ । नदीको पानीको मौजुदा (Existing) बहाव क्षेत्र परिवर्तन गर्न पाईने छैन । तर नापी नक्सा बमोजिम नदीको क्षेत्र परिवर्तन गरी निजी जमिनमा वहाव क्षेत्र कायम गरेको अवस्थामा गाउँपालिका प्राकृतिक स्रोत तथा साधन संरक्षण समितिको निर्णयानुसार नदीलाई आफ्नो खास प्राकृतिक वहाव क्षेत्र कायम गराउन सकिने छ ।

६.१०. उत्खनन कार्यमा खटिने ठेकेदारले IEE का शर्तका अलावा ठेक्का शर्त र गाउँपालिकाले बेला बेलामा दिइएको निर्देशन पालना गर्नुपर्ने छ ।

६.११. उत्खनन गरी निकालिएको नदीजन्य पदार्थ अन्यत्र लगी आफ्नो प्रयोगलाई

चाहिने परिमाण भन्दा बढी हुने गरी संचय ग़र्न निषेध गर्ने । कुनै संरचनाको निर्माणस्थल बाहेक उत्खनन् स्थल वरिपरीको ३ कि.मि. क्षेत्र भित्र उत्खनन गरिएको नदीजन्य पदार्थ हाते प्रविधीबाट प्रशोधन गर्न निषेध गर्ने ।

६.१२. उत्खनन गर्दा पानीको सतह भन्दा १५ सेन्टीमिटर माथी छाड्नु पर्नेछ । उत्खनन् सम्बन्धी IEE का सबै सर्त पालना गर्नुपर्ने छ ।

६.१३. उत्खनन स्थलमा अनुमति प्राप्त तोकिए बमोजिमका ढुवानी साधन बाहेक अन्य साधन प्रवेशमा रोक लगाउने ।

६.१४. उत्खनन् स्थलमा काम गर्ने कामदारका लागि शौचालयको निर्माण नगरी मल मुत्र त्याग गर्न निषेध गर्ने ।

६.१५. उत्खननका लागि पहिचान भएको घाट नजिक सबैले देख्ने गरि उत्खनन गरिने परिमाण, चौकिल्ला, उत्खनन विधि र गुनासो सुन्ने अधिकारीको नाम र सम्पर्क टेलिफोन नं. लगायतका कुराहरु अनुसूची-३ वमोजिमको ढाँचामा जानकारीमुलक सूचना बोर्ड तयार गरी राख्ने ।

**७. नदीजन्य पदार्थको ओसार पसार तथा रोयल्टी रकम उठाउने विधि** : नदीजन्य पदार्थ ओसार पसार गर्ने ढुवानीकर्ताले देहाय बमोजिम गर्नु पर्नेछ ।

७.१. नदी प्रवेश आदेश लिई उत्खनन गरिने घाटमा प्रवेश गर्ने र उत्खनन गरी नदीजन्य पदार्थ लोड. भएका सवारी साधनहरुले ढुवानी अवधी भर नदी प्रवेश आदेश र राजश्व तिरेको निस्सा साथमा लिएर मात्र ओसार पसार गर्नु पर्नेछ ।

७.२. नदीजन्य पदार्थ ढुवानी गरि लैजाने सवारी साधनले पटकै पिच्छे पटके नदी प्रवेश आदेश र राजश्व तिरेको प्रमाणमा सबै विवरण स्पष्टसँग भर्न लगाई लिनु पर्नेछ । पटके आदेशमा उल्लेखित विवरण (मिति, समय, सवारी नं., ढुवानी गरी लैजाने स्थल, परिमाण, पदार्थको प्रकार, आदि) अनुसूची-४ वमोजिम हुनेछ ।

७.३. नदीजन्य पदार्थ उत्खनन भएको स्थानबाट ओसार पसार गर्ने समय विहान ८:०० बजे देखि साँझ ६:०० बजे सम्म मात्र कायम गर्ने । (तर अवस्था हेरी सूर्योदय देखि सूर्यास्तसम्म कायम गर्न सकिने छ ।)

७.४. नदीजन्य पदार्थ ढुवानी गर्दा टयाक्टर र ३०० घ.फु.सम्मको ट्रक/टिपर मात्रको प्रयोग गर्न दिने, सो को अनुगमन गर्न नेपाल प्रहरी र सशस्त्र प्रहरी बलबाट सहयोग माग गर्ने ।

७.५. नदीजन्य पदार्थ ढुवानी गर्ने सवारीले ढुवानी अवधि भर प्रेसर हर्न प्रयोग गर्न निषेध गर्ने । सो को अनुगमनको गर्न नेपाल प्रहरी र सशस्त्र प्रहरी बलबाट सहयोग माग गर्ने ।

७.६. नदीजन्य पदार्थ ढुवानी गर्ने साधनले उत्खनन स्थलबाटै ढाकेर लैजानु पर्ने छ र ३० कि.मी. प्रति घण्टा भन्दा बढी गतिमा हाक्न पाउने छैन ।

७.७. मूलबाटोबाट उत्खनन स्थल तर्फ सवारी साधन प्रवेश हुने मार्गको नियमित मर्मत सम्बन्धित गाउँपालिकाले गर्ने र धुलो उड्न नदिन नियमित पानी छर्कने प्रबन्ध उत्खननकर्ता र ढुवानीकर्ताले मिलाउने ।

७.८. कृषि कार्य वा अन्य निजी प्रयोगका लागि भन्सार सुविधा लिई दर्ता भएका सवारी साधनले नदीजन्य पदार्थ भाडा वा ठेक्कामा ढुवानी गर्न पाउने छैनन् ।

७.९. नदीजन्य पदार्थ लोड गरी ओसार पसार गर्ने क्रममा लोड सवारी साधन गन्तव्यमा नपुगन्जेल सडकमा पार्किङ्ग गर्न निषेध गर्ने । सवारी साधन बिग्रेको हकमा यथा संभव छिटो ढुवानीकर्ताले अर्को व्यवस्था गरी हटाउनु पर्ने ।

७.१०. नदीजन्य पदार्थको ओसार पसार गर्न निर्धारण गरिएको माथि उल्लेखित विधीको परिपालना सम्बन्धमा सम्मरीमाई गाउँपालिका, रुपन्देहीले प्रभावकारी अनुगमनको प्रबन्ध मिलाउने ।

७.११. उत्खनन् गरिएका पदार्थ गन्तव्यस्थल तर्फ लैजादा विद्यालय रहेको गाउँवस्तीको बाटो प्रयोग गर्नु पर्ने भएमा उक्त बाटोहरुमा विहान ९:००-१०:०० बजे सम्म र दिउसो ४:००-५:०० बजे सम्म ढुवानीका साधनहरु नचलाउने ।

७.१२. नदीजन्य पदार्थको उत्खनन् गर्न ठेक्का कबोल गरेको रकम बराबरको रोयल्टी वापतको रकम सम्झौताको शर्तमा उल्लेख गरी चौमासिक रुपले वा अग्रिम एकमुष्ठ बुझाउन सकिने छ । अग्रिम एकमुष्ठ बुझाएमा उक्त कबोल रकमको बढीमा दश प्रतिशत (१०%) सम्मको रकम छुट दिन सकिनेछ ।

## परिच्छेद-४
## उत्खनन् नियमन तथा अनुगमन

**८. उत्खनन् परिमाण नियन्त्रण विधि** : उत्खनन गर्ने निर्धारण गरिएको स्थलमा स्वीकृत परिमाण भन्दा बढी उत्खनन हुन नदिन देहाय बमोजिम गर्नु पर्ने छ,

८.१. गाउँपालिकाले निर्धारण गरेको घाट र परिमाणको सिमा भित्र रही उत्खनन आदेश दिनु पूर्व प्राविधिक नाप जाँच तथा रेखाकंनका आधारमा पहिलो पटक उत्खनन लाईन दिने ।

८.२. यस बमोजिम उत्खनन् भै निकासी भएको स्थलमा गाउँपालिकाले नियमित अनुगमन गर्ने ।

८.३. दैनिक उत्खनन गरिएको नदीजन्य पदार्थको अनुसूची-२ बमोजिमको ढाँचामा दैनिक उत्खनन् अभिलेख राख्ने ।

८.४. अनुसूची-४ बमोजिमको ढाँचामा दैनिक उत्खनन तेरिज तयार गरी गाउँपालिकामा पठाउने र गाउँपालिकाले सोको अभिलेख राख्ने ।

**९. अनुगमन सम्बन्धी व्यवस्था:** IEE प्रतिवेदनका शर्तहरुको परिपालना, उत्खनन परिमाणको नियन्त्रण, राजश्व चुहावट तथा चोरी निकासी नियन्त्रण, लगायतका कार्यहरुको अनुगमन गर्न देहाय बमोजिमको अनुगमन संयन्त्र परिचालन गर्नुपर्ने ।

९.१. जिल्ला समन्वय समितिका प्रमुख रहेको नेपाल सरकारद्वारा गठित जिल्ला अनुगमन तथा समन्वय समितिले नदीजन्य पदार्थ व्यवस्थापन सम्बन्धमा जुनसुकै बेला अनुगमन गरी निर्देशन दिन सक्नेछ ।

९.२. नदीजन्य पदार्थको उत्खतन तथा ओसार पसारको कार्य प्रारम्भ भै सकेपछि यस कार्यविधि बमोजिम भए नभएको नियमित अनुगमन गर्न सम्मरीमाई गाउँ कार्यपालिकाको कार्यालयले अनुगमन कार्यदल बनाई नियमित अनुगमनका लागि परिचालन गर्ने ।

९.३. प्रहरीद्वारा अनुगमन : उत्खनन/संकलन तथा ओसार पसारका शर्तहरुको परिपालना, उत्खनन्/संकलन परिमाणको नियन्त्रण, राजश्व चुहावट तथा चोरी नियन्त्रण जस्ता कार्यको नेपाल प्रहरी र ससस्त्र प्रहरी बलबाट जुनसुकै

बेला अनुगमन गर्न सक्ने गरी गाउँपालिकाबाट सहयोगको व्यवस्था मिलाई परिचालन गर्ने ।

९.४. गाउँपालिकाद्वारा अनुगमन : उत्खनन/संकलन तथा ओसारपसारका शर्तहरुको परिपालना, उत्खनन परिमाणको नियन्त्रण, राजश्व चुहावट तथा चोरी निकासी नियन्त्रण, लगायतका कार्यहरुको अनुगमन गर्न गाउँपालिकाले अनुगमन कार्यदल (अनुसूची-६) खटाउन सक्नेछ ।

९.५. अनुगमनको कार्यसूची : माथि उल्लेखित अनुगमन व्यवस्था अनुसार नदीजन्य पदांर्थको उत्खनन् तथा ओसारपसारका लागि प्रचलित कानूनी व्यवस्था र सर्वमान्य मान्यता र यस कार्यविधीमा गरिएको प्रावधानहरुको परिपालना भए नभएको, निषेधित क्षेत्रमा चोरी निकासी उत्खनन् नियन्त्रण, अन्य सरकारी सार्वजनिक जग्गामा हुने चोरी निकासी उत्खनन नियन्त्रण, नदीजन्य पदार्थको राजश्व चोरी गरि हुन सक्ने ओसार पसार, अनुमति बेगर भारी यान्त्रीक औजारको प्रयोग गरी गरिने उत्खनन लगायतका विषयमा अनुगमन गरी शर्त उल्लंघन गर्ने उपर कारवाही गर्न गाउँ कार्यपालिकाको कार्यालयमा प्रतिवेदन दिनु पर्ने ।

९.६. अनुगमन कार्यमा लाग्ने खर्चको लागि गाउँपालिकाले आवश्यक व्यवस्था गर्ने ।

९.७. अनुगमनका क्रममा शर्त उल्लंघन गरेको वा राजश्व चोरी गरी उत्खनन/संकलन तथा ओसार पसार गरेको पाइएमा त्यस्ता उत्खननकर्ता वा ढुवानीकर्तालाई प्रदेश कानून वा गाउँपालिकाको निर्णय बमोजिम जरिवाना गरिने छ ।

९.८. माथि ९.७. बमोजिम प्राप्त हुने जरिवानाको २० प्रतिशतले हुने रकम पक्राउ कार्यमा सहयोग गर्ने सुराकी, प्रहरी वा अन्य कर्मचारीहरुलाई पुरस्कार स्वरुप प्रदान गर्ने ।

## परिच्छेद : ५
## विविधि

**१०. विविध :**

१०.१. नदीजन्य पदार्थ उत्खनन गरिने स्थलमा अनुसूची-४ बमोजिमको सूचना बोर्ड राखी सरोकारवाला सबैलाई जानकारी दिनु पर्ने ।

१०.२. यो कार्यविधिलाई गाउँपालिकाले आवश्यकता बमोजिम बेला बेलामा संसोधन गरी लागु गर्न सक्ने ।

१०.३. यस कार्यविधिमा उल्लेखित प्रावधानहरु यसै बमोजिम हुनेछन्, त्यसमा उल्लेखित प्रावधानहरु कुनै ऐन वा नियमावलीको प्रावधानसँग बाझिएमा, बाझिएको हदसम्म ऐन वा नियमावली बमोजिम हुनेछन् । यस कार्यविधिमा नपरेका कुराहरु ५ नम्बर प्रदेश सरकारबाट जारी गरिएको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ तथा सम्बन्धित प्रदेश तथा संघीय ऐन नियमावली बमोजिम हुनेछन ।

१०.४. यस कार्यविधीका प्रावधानहरुको अन्तिम व्याख्या गर्ने अधिकार गाउँ कार्यपालिकामा निहित रहने छ ।

अनुसूची-१

**सम्मरीमाई गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
फरेना, रुपन्देही
प्रदेश नं. ५, नेपाल

## पटके नदी प्रवेश आदेश

(दफा ६ को उपदफा ६.७ अनुसार)

सम्मरीमाई गाउँपालिकाको ....................नदी/खोलाबाट नदीजन्य पदार्थहरु निकाल्ने कार्यका लागि IEE कार्यान्वयनको सन्दर्भमा निकासी घाट अनुसार परिमाण नियन्त्रणका लागि दैनिक तयार गरिने अभिलेख ।

नाका वा घाट भएको नदीको नाम : समय :

नदी प्रवेश आदेश मिति : प्रवेश आदेश नं.

### नदी प्रवेश आदेश विवरण

१. नदीजन्य पदार्थ ओसार पसार गरी लैजाने नाकाको नाम :
ठेगाना : सम्पर्क फोन नं.

२. ओसार पसार गरिने नदीजन्य पदार्थको नाम :

३. नदीजन्य पदार्थ ढुवानी गरी लैजाने साधनको नाम : सवारी दर्ता नं.

४. निकासी गरी लैजाने नदीजन्य पदार्थको परिमाण : घन फुट :

५. ओसार पसार गरी लैजाने स्थान :

६. निकासी गरीं लैजाने नदीजन्य पदार्थको प्रयोजन :
(जुन प्रयोजनको लागि लैजाने हो कुनै एकमा चिन्ह लगाउने)

(क) निजी निर्माण (सार्वजनिक निर्माण) (प्रशोधन पछी विक्री)

नोट : यो आदेश बिना सवारी साधन नदी तथा खोलामा प्रवेश गर्न, नदीजन्य पदार्थको ओसार पसार गर्न र नदीजन्य पदार्थको संचय वा भण्डारण गर्न निषेध गरिएको छ । कही कतै त्यस्तो पाएइमा गाउँपालिकाको निर्णय अनुसारको जरिवाना र अन्य प्रचलीत कानून बमोजिम सजाय समेत हुनेछ ।

प्रवेश आदेश दिने कर्मचारी वा ठेकेदार प्रतिनिधिको नाम थर :

सहि :

अनुसूची-२

**सम्मरीमाई गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
फरेना, रुपन्देही
प्रदेश नं. ५, नेपाल

## उत्खननकर्ताले राख्ने नदीजन्य पदार्थको दैनिक उत्खनन् अभिलेख

(दफा ६ को उपदफा ६.८ अनुसार)

सम्मरीमाई गाउँपालिकाको ....................नदी/खोलाबाट नदीजन्य पदार्थहरु निकाल्ने कार्यका लागि IEE कार्यान्वयनको सन्दर्भमा निकासी घाट अनुसार परिमाण नियन्त्रणका लागि दैनिक तयार गरिने अभिलेख ।

नाका वा घाट भएको नदीको नाम :
उत्खनन् गरिएको नाका वा घाटको नाम : ..............................................

| सि.नं. | उत्खनन् गरिएको मिति | उत्खनन् गरिएको परिमाण | उत्खननकर्ताको प्रतिनिधिको दस्तखत | अनुगमनकर्ताको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची-३

## सम्मरीमाई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

फरेना, रुपन्देही

प्रदेश नं. ५, नेपाल

## उत्खनन् स्थलमा राख्नु पर्ने सूचना बोर्डको नमूना

(दफा ६ को उपदफा ६.१५ अनुसार)

सम्मरीमाई गाउँपालिकाको ....................नदी/खोलाबाट नदीजन्य पदार्थहरु निकाल्ने कार्यका लागि IEE कार्यान्वयनको सन्दर्भमा उत्खनन् स्थलमा सार्वजनिक जानकारीको लागि राखिएको ।

### नदीजन्य पदार्थ उत्खनन् गरिने स्थल

### उत्खनन् विवरण :

१. नदी/खोलाको नाम :

२. घाटको नाम :

३. उत्खनन् गरिने नदीजन्य पदार्थको परिमाण(घन फुटमा) :

४. उत्खनन् कार्यमा प्रयोग हुने साधन :

५. उत्खनन् गरिने नदीजन्य पदार्थको परिमाण(घन फुटमा) :

६. उत्खनन् गर्ने अवधि : मिति २० / / गतेबाट उल्लिखित परिमाण निकालुन्जेल वा मिति २० / / भित्र मध्ये जुन पहिला हुन्छ ।

नोट : कुनै सिकायत, गुनासो वा थप जानकारीको लागि सम्मरीमाई गाउँपालिका, फरेना, रुपन्देहीका ....................श्री....................को मोवाइल नम्वर ........................मा सम्पर्क गर्नुहुन ।

अनुसूची-४

**सम्मरीमाई गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
फरेना, रुपन्देही
प्रदेश नं. ५, नेपाल

## नदीजन्य पदार्थको दैनिक पटके विक्री अभिलेख तेरिज

(दफा ७ को उपदफा ७.२ अनुसार)

सम्मरीमाई गाउँपालिकाको ....................नदी/खोलाबाट नदीजन्य पदार्थहरु निकाल्ने कार्यका लागि IEE कार्यान्वयनको सन्दर्भमा निकासी घाट अनुसार परिमाण नियन्त्रणका लागि दैनिक तयार गरिने अभिलेख ।

नाका वा घाट भएको नदीको नाम :

उत्खनन् गरिएको नाका वा घाटको नाम :

| सि.नं. | निकासी मिति | पटके विक्री आदेश नं. | पटके विक्री भएको परिमाण | बाँकी भएको परिमाण लैजाने सावारी साधन नं. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

नोट : यो फारम उत्खनन् स्थलबाट ठेकेदारले पटकै पिच्छे भरी दैनिक पटके विक्री आदेशको १ प्रति संलग्न गरी दैनिक रुपमा गाउँ कार्यपालिकाको कार्यालयमा अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

अनुसूची-५

## सम्मरीमाई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

फरेना, रुपन्देही

प्रदेश नं. ५, नेपाल

## प्राकृतिक श्रोत तथा साधन संरक्षण समिति

| | |
|---|---|
| अध्यक्ष, सम्मरीमाई गाउँपालिका | संयोजक |
| उपाध्यक्ष, सम्मरीमाई गाउँपालिका | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत, सम्मरीमाई गा.पा. | सदस्य |
| सम्बन्धित वडाका वडा अध्यक्ष | सदस्य |
| संयोजक, प्राकृतिक श्रोत व्यवस्थापन समिति, सम्मरीमाई गा.पा. | सदस्य |
| प्रतिनिधि, सम्वन्धित ईलाका वन कार्यालय | सदस्य |
| प्रतिनिधि , नेपाल प्रहरी (स्थानीय इकाई) | सदस्य |
| प्रतिनिधि , शसस्त्र प्रहरी बल (स्थानीय इकाई) | सदस्य |
| प्राविधिक शाखा प्रमुख, सम्वन्धित विषय हेर्ने सम्मरीमाई गाउँपालिका | सदस्य |
| शाखा प्रमुख, सम्वन्धित विषय हेर्ने सम्मरीमाई गाउँपालिका | सदस्य सचिव |

अनुसूची-६

**सम्मरीमाई गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
फरेना, रुपन्देही
प्रदेश नं. ५, नेपाल

## गाउँपालिका स्तरीय अनुगमन कार्यदल

(दफा ९ को उपदफा ९.४ अनुसार)

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत, सम्मरीमाई गा.पा. | संयोजक |
| प्रमुख, सम्वन्धित ईलाका वन कार्यालय | सदस्य |
| अध्यक्ष, स्थानीय वन उपभोक्ता समिति | सदस्य |
| प्रतिनिधि, स्थानीय नदी/खोला व्यवस्थापन समिति | सदस्य |
| प्रमुख, नेपाल प्रहरी (ईलाका स्तर) | सदस्य |
| वडा अध्यक्ष, नदीजन्य पदार्थ उत्खनन् क्षेत्र | सदस्य |
| प्राविधिक शाखा प्रमुख, सम्वन्धित विषय हेर्ने सम्मरीमाई गाउँपालिका | सदस्य |
| शाखा प्रमुख, सम्वन्धित विषय हेर्ने सम्मरीमाई गाउँपालिका | सदस्य सचिव |